// स्थानीय राजपत्र

ज्वालामूखी गाउँपालिकाद्धारा प्रकाशित

खण्डः २ संख्या : ६ मितिः २०७५।०३।२५

**भाग : १**

## ज्वालामूखी गाउँपालिकाको स्थानीय प्रशासकीय कार्यविधि पास गर्न बनेको ऐन, २०७५

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम **ज्वालामूखी गाउँपालिका**को सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम **ज्वालामूखी गाउँपालिका**को प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन **ज्वालामूखी गाउँपालिका**का क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

२. **परिभाषा** : (१) बिषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले ज्वालामूखी गाउँपालिकाको प्रशासकीय कार्यविधि -नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले ज्वालामूखी गाउँपालिका कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले ज्वालामूखी गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियमबनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त **ज्वालामूखी** गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीयतहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने**: (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही **ज्वालामूखी** गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले

**बद्रिनाथ लम्साल**

प्रमुख पशासकीय अधिकृत

**ज्वालामूखी गाउँपालिकाको स्थानीय प्रशासकीय कार्यविधि पास गर्न बनेको ऐन, २०७५, मूल्य रु.५।-**